"स्वच्छ, सफा, समृद्ध, सुन्दर - महालक्ष्मी नगर"
"Clean, Green, Prosperous, Full of Beauty- Mahalaxmi Municipality"

# महालक्ष्मी नगरपालिका
## Mahalaxmi Municipality
### नगर कार्यपालिकाको कार्यालय
### Office of the Municipal Executive

ललितपुर, बागमती प्रदेश, नेपाल
Lalitpur, Bagmati Province, Nepal

मिति : २०७८/१/१९

## ध्यानाकर्षण भएको सम्बन्धी सूचना

विश्वव्यापी रुपमा फैलिएको कोभिड-१९ बाट सृजित मानवीय विषम परिस्थितिमा नगरभित्रका कोभिड-१९ का बिरामी तथा कोभिड-१९ को विषयमा परामर्श लिन आवश्यक पर्ने व्यक्तिहरुको लागि यस नगरपालिका अन्तर्गतका डाक्टर सहितका स्वास्थ्यकर्मीहरुको नाम, सम्पर्क नं. सहित सार्वजनिक गरी सेवा उपलब्ध हुने व्यवस्था मिलाइएकोमा केही व्यक्तिहरुले कोभिड-१९ का विरामीहरुको लागि अहोरात्र खटिएका खासगरी महिला डाक्टर तथा स्वास्थ्यकर्मीहरुलाई अनावश्यक कल, एस.एम.एस गर्ने जस्ता अवाञ्छित क्रियाकलाप गरेको भनी सम्बन्धित स्वास्थ्यकर्मीहरुबाट गुनासो प्राप्त भएको सम्बन्धमा यस कार्यालयको गम्भिर ध्यानाकर्षण भएको छ । यस्तो मानवीय संकटको घडीमा नगरवासी दाजुभाई दिदी बहिनीहरुको सेवाको लागि ड्युटीमा खटिएका स्वास्थ्यकर्मी उपर भएका यस्ता निकृष्ट घटना किमार्थ स्वीकार्य हुन सक्दैन । यस्तो अवाञ्छित गतिविधि उपर प्रचलित कानुबमोजिम हदै सम्मको कारवाही हुने व्यहोरा समेत सम्बन्धित सबैको लागि जानकारी गराइन्छ ।

पुरुषोत्तम सापकोटा
प्रमुख प्रशासकीय अधिकृत

फोन नं.: ०१-५२०३५८२, ०१-५२०१६३३, ०१-५२०१७३३
E-mail: info@mahalaxmimun.gov.np, mahalaxmimun@gmail.com, Web: http://mahalaxmimun.gov.np